# राष्ट्रिय वाणिज्य बैंक लि.

**केन्द्रीय कार्यालय**

**सामान्य सेवा विभाग**

**२०७४ सालको क्यालेण्डर छपाई तथा आपुर्ति कार्यको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

*(प्रकाशित मिति २०७३/१०/१२)*

यस बैंकको **२०७४** सालको क्यालेण्डर (**१५"x २०"** साईजको **१५० GSM आर्ट पेपर**मा **चार रङ्ग (CMYK)** प्रविधिमा **३ पाने** दुवै तर्फ छाप्ने गरी मेटल क्लिपङ्गि सहित) **५६,०००** (छपन्न हजार) थान छपाई गर्नु पर्ने भएकोले सम्बन्धित सबै छापाखानालाई यो स्चना प्रकासित भएको मितिले १५ औं दिन अर्थात **माघ २६, २०७३ (Feb 8, 2017)** को कार्यालय समयभित्र दरभाउपत्र कागजात खरिद गरी १६ औं दिन अर्थात **माघ २७, २०७३ (Feb 9, 2017)** दिनको १२:०० बजे भित्र गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ। साथै उक्त दरभाउपत्र **माघ २७, २०७३ (Feb 9, 2017)** गतेका दिन दिनको २:०० बजे खोलिनेछ। दरभाउपत्र कागजात यस बैंकको कुनै पनि शाखा कार्यालयको आम्दानी अन्य शीर्षकको हिसाब नं ९५९९०२००० मा दरभाउपत्र दस्तुर बापत फिर्ता नहुने गरी रु.५००/-(अक्षरेपी पाँच सय) मात्र जम्मा गरी सक्कल अर्धकट्टी भौचर पेश गरेपछि दरभाउपत्र कागजात रा.वा.बैंक लि. केन्द्रीय कार्यालय सामान्य सेवा विभागबाट प्राप्त गर्न सकिनेछ। दरभाउपत्रका साथ बोल कबोलका रकमको कम्तीमा ५ % ले हुने रकम रा.वा.बैंक लि.को कुनै पनि शाखाको अर्नेष्ट मनी शीर्षकको हिसाव नं ९१६१२०००० मा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंक (यस बैंक बाहेक) बाट दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तीमा ७५ दिनको मान्य अवधिको बिड सेक्युरिटी (बैंक ग्यारेण्टी) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। स्वीकृत दरभाउपत्रदाताले सम्झौता गर्नु अगाडि दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिमको कार्यसम्पादन जमानत (परफरमेन्स ग्यारेन्टी) पेश गर्नुपर्नेछ। दरभाउपत्रका साथ नवीकृत फर्म दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाणपत्र एवम आ.व.२०७२/७३ को कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको पत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि समेत अनिवार्य संलग्न गर्नुपर्नेछ। यसका अतिरिक्त दरभाउपत्र कागजातमा उल्लेख भएका अन्य कागजातहरु समेत दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ। यसका साथै दरभाउपत्रका साथ दरभाउपत्र प्रक्रियामा भाग लिन अयोग्य नभएको, प्रस्ताबित कारबाहीमा आफ्नो स्वार्थ नबाँझिएको र सम्बन्धित पेशा व्यवसाय सम्बन्धि कसूरमा आफूले सजायँ नपाएको व्यहोराको स्वयम घोषणाको लिखित पत्र समेत पेश गर्नुपर्नेछ। यो सूचना बैंकको वेवसाईट www.rbb.com.np मा समेत हेर्न सकिनेछ। सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी सिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख गरिनुका साथै अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र विभागमा सम्पर्क गर्न सकिनेछ।